**प्लास्टिकको प्रयोग नगरौं,**
**वातावरण स्वस्थ राखौं**
- प्लास्टिक चार सय वर्षसम्म कुहिंदैन।
- यसले जमीन तथा जल प्रदूषण गर्छ।
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ राख्दा क्यान्सरजस्तो घातक रोग लाग्न सक्छ।
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ।
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ।

त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratee kdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस २९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 14 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १३५

## मासु व्यवसायमा आर्थिक मन्दीको असर

ओमप्रकाश चौधरी, सेढवा, २८ पुस/

राज्यले खेप्दै आएका आर्थिक मन्दीका कारण पर्साको ग्रामीण भेगमा मासु व्यापार प्रभावित भएको छ। जीराभवानी, ठोरी, पटेर्वासुगौली, जगरनाथपुर, सखुवाप्रसौनी, धोबिनी, छिपहरमाई, पकाहामैनपुर गाउँपालिका, पोखरिया, पर्सागढी नगरपालिकालगायत क्षेत्रमा मासुको खपतमा कमी आएको छ।



तस्वीर: फाइल

यसले मासुको मूल्यमा गिरावट आएको छ। रु ३६० देखि ३८० प्रतिकिलो कुखुराको मासु विगत तीन महीनादेखि २४० देखि २८० प्रतिकिलोमा स्थिर भएको छ। त्यस्तै खसीको मासुको भाउमा पनि प्रतिकिलो सय रुपियाँले घटेको छ। गाउँघरमा खसीको भाग लगाउँदा प्रतिकिलो नौसय रुपियाँबाट झरेर रु आठसय भएको छ। त्यस्तै बजारमा मासुपसलमा बिक्री हुँदै आएको मासु रु १००० प्रति केजीबाट झरेर रु नौसय प्रतिकिलो भएको छ।

आम नागरिकसँग पैसा नभएकोले मासुको बिक्रीमा कमी आएको जीराभवानी गाउँपालिका-३ निवासी दीपेन्द्र चौधरी बताउँछन्। किसानहरू खसी-बोकाको भाउ कम गरेर भएपनि गर्जो टार्न बाध्य रहेका चौधरीले बताए। डेढ-दुई वर्षसम्म पालेर पनि खसीबोकाको उचित मूल्य नपाउँदा किसानहरू पीडित भएको चौधरीको भनाइ छ।

व्यावसायिकरूपमा खसी पाल्दै आएका पर्सागढी नगरपालिका-२, बागवानाका हरिन्द्र चौधरीले देशमा चलिरहेको आर्थिक मन्दीका कारण व्यवसाय सङ्कटमा परेको बताए। जिउँदो खसी प्रतिकिलो रु ६०० बाट ५५० रुपियाँ प्रतिकेजीमा बिक्री गर्नुपरेको चौधरीले बताए। त्यसमा पनि खरीद गर्ने व्यापारी पाउन कठिन भइरहेको उनले बताए। चौधरीको बाख्राको खोरमा अझै ४०-५० वटा खसी छ।

यता जीराभवानी गापा-१ मा रहेको ओम पोल्ट्रीफार्मका सञ्चालक जीतेन्द्र यादवले कुखुराको दाना, चल्ला र औषधिको मूल्य बढ्दै गएको तर उत्पादित कुखुराको मूल्य घटेको बताए। किसानले उत्पादन गर्ने कुखुरामा प्रतिकिलो रु दुई सय लगानी हुने तर ज्यूँदो कुखुरा प्रतिकिलो सोही दरमा बताए। उनले बढीमा बिक्री गर्न सकेको खण्डमा मुनाफा हुने तर त्यस्तो नभएकोले घाटा सहनुपरेको बताए। अहिले लागतभन्दा रु २० मा कुखुरा बिक्री गर्दा घाटा भएको उनको भनाइ छ।

## राजमार्गमा सवारी दुर्घटना रोक्न सामूहिक पूजा

प्रस, निजगढ, २८ पुस/

पूर्व-पश्चिम महेन्द्र राजमार्गको निजगढ सडकखण्डमा दिनहुँजसो सवारी दुर्घटनाबाट अकालमा ज्यान गुमाउनेहरूको सङ्ख्यामा बढेसँगै दुर्घटना न्यूनिकरणका लागि सामूहिक पूजा गरिएको छ। निजगढ नगरपालिकाको बकैयापुल, जमुनापैनी, शहीदचोक, देउरालीचोक, लच्का, भमरा, सिगौल जाने गेट, धन्सार पुललगायतका स्थानमा ज्यानै जाने गरी सवारी दुर्घटना बढेसँगै दुर्घटना नियन्त्रणको लागि हिन्दु धर्म अनुसार भागवत सप्ताह, होमलगायत पूजापाठ गरिएको दुर्घटना न्यूनिकरण पूजा समिति निजगढका अध्यक्ष एवं वृद्ध समाजसेवी भोजराज अधिकारीले बताए।




सवारी दुर्घटना बढेपछि धार्मिक विधि अनुसार पूजापाठ गर्दै र ट्राफिक नियम बोर्ड राख्दै ट्राफिक प्रहरी। तस्वीरः जीतलाल श्रेष्ठ

यो सडकखण्डमा दुई महीनाभित्र दुई दर्जनभन्दा बढी मोटरसाइकल र अन्य सवारी साधन दुर्घटनामा छजना युवाभन्दा बढीको मुत्यु, डेढ दर्जन व्यक्तिको अङ्गभङ्ग र केही व्यक्तिहरू गम्भीर घाइते भएकाले हिन्दु वैदिक विधि अनुसार पूजापाठ गरिएको र यसबाट दुर्घटना न्यूनिकरण हुने विश्वास गरिएको छ।

पूजन समारोहमा तीन दर्जन बढी ब्राह्मण सहभागी भएको र आगामी दिनमा दुर्घटना न्यूनिकरण हुने विश्वास गरिएको वडाध्यक्ष रामचन्द्र कटुवालले बताए।

पूजा गरिएपछि दुर्घटना

(बाँकी तेस्रो पातामा)

## प्रअविरुद्ध विद्यार्थी कुटेको कसूरमा जाहेरी

प्रस, वीरगंज, २८ पुस/

वीरगंज महानगरपालिका-१९ विन्ध्यवासिनीस्थित गोल्डेन ग्लोबल इङ्गलिस बोर्डिङ स्कूलका १२ वर्षीय बालक प्रीतम साहलाई प्रअ सफी यादवले कुटपिट गरेको घटना मुद्दा दर्ता गर्ने प्रक्रियामा पुगेको छ।

पुस २४ गते दिउँसो प्रअ यादवले शुल्क नतिरेको कसूरमा बालक साहलाई प्लास्टिकको छडीले निर्घात कुटपिट गरेका थिए। कुटपिटबाट बालक साहको बायाँ आँखामा गम्भीर चोट लागेको र शरीरमा नीलडाम छ। उनी अहिले नारायणी अस्पतालमा उपचारपछि घर मा छन्। बालकका अभिभावक बहुदरमाई गाउँपालिका-६ गम्हरिया निवासी मुकेश साहले जिल्ला प्रहरी कार्यालय, पर्सामा प्रअविरुद्ध उजूरी दिएको र सो उजूरीलाई इलाका प्रहरी कार्यालय, पोखरियामा पठाइएको बताए।



घाइते बालक र निजका अभिभावक। तस्वीरः प्रतीक

इप्रका, पोखरियाले पुस २९ गते आइतवार छलफलको लागि बोलाएको छ। अभिभावक साहले घटनामा मिलापत्र गर्न राजनीतिक दबाव परेको बताएका छन्। उनले प्रहरीले उजूरी दर्ता नगरे कानूनी प्रक्रियामा जाने बताए। प्रअ यादव बहुदरमाई नपामा रहेको राधाकृष्ण चौरसिया माविको स्थायी शिक्षक पनि हुन्।

## विन्ध्यवासिनी गापा पूर्ण खोप घोषणा हुँदै

प्रस, वीरगंज, २८ पुस/

विन्ध्यवासिनी गाउँपालिकाकालाई पूर्ण खोप घोषणाका लागि शनिवार अनुगमन गरिएको छ।

पूर्ण खोप घोषणा कार्यक्रमका संयोजक जिल्ला समन्वय समिति, पर्साका सभापति निरञ्जन सोनार, स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साह, स्वास्थ्य निर्देशनालय मधेस प्रदेशका खोप अधिकृत लक्ष्मेश्वर झा, स्वास्थ्य कार्यालय पर्साका खोप अधिकृत जयमोद ठाकुर, सखुवाप्रसौनी गापाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेश्वर रौनियार, जीराभवानी गापाका स्वास्थ्य शाखा प्रमुख अजय दास थारू, युनिसेफका रामबहादुर राणा, सुरेश साहको टोलीले अनुगमन गरेको थियो।



तस्वीरः प्रतीक

अनुगमनको क्रममा जन्मदेखि १५ महीनासम्मका ७१४, जन्मेदेखि एक महीनाका ६०५, १२ देखि २३ महीनाका ६०३ र १६ महीनादेखि पाँच वर्षका १८५८ जनालाई खोप दिनुपर्नेमा ४९ जनाले ड्रपआउट गरेको, तीनजनाले खोप नलगाएको पाइएको विन्ध्यवासिनी गापाका स्वास्थ्य शाखा प्रमुख नरेश चौहानले बताए।

गापाको पाँचवटै वडा अनुगमन गरिएको र माघ २ गते सो गापालाई पूर्ण खोप गापा घोषणा गर्ने गरी गापा अध्यक्ष प्रमोद तिवारीलाई जानकारी गराइएको शाखा प्रमुख चौहानले बताए।

## वनजङ्गल संरक्षणमा सबै एकजुट हुनुपर्छ -सांसद मैनाली

प्रस, निजगढ, २८ पुस/

सांसद अच्युत मैनालीले वनजङ्गल संरक्षणमा सबै एकजुट भई निरन्तर अघि बढ्नुपर्ने बताएका छन्।

बकैया नागमणी सामुदायिक वन उपभोक्ता समूह, निजगढ-८ बाराको शुक्रवार १४औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उनले वनजङ्गल संरक्षणबाट हरियाली बढ्ने, वातावरण स्वच्छ हुने जसबाट अक्सिजन प्राप्त हुने बताए। उनले वनजङ्गलको संरक्षणबाहेक अर्को विकल्प नभएको बताए। सामुदायिक वन संरक्षण गर्दै उत्पादित वन पैदावर बिक्री गर्दा केही वर्षअगि अख्तियारमा मुद्दा परेपनि अन्ततः अदालतले सामुदायिक वन समूहको पक्षमा फैसला गरेको बताउँदै उनले सरकारले रोक्का गरेको दुई करोडभन्दा बढी रकम पुनः वन समूहको खातामा आउने र सोको सदुपयोग गर्न उनले सुझाए।




सांसद अच्युत मैनाली

तस्वीरः प्रतीक

सांसद मैनालीले उपल्लो तहका केही कर्मचारी, नेताहरूले सेटिङमा वन पैदावर, घाटगद्दीमा कुहिएर बर्बाद भइरहेको र त्यसको सदुपयोगतर्फ ध्यान नदिएर विदेशी काठ नेपाल भित्र्याउनु आर्थिक चलखेलको उपज मात्र भएको आरोप लगाए।

प्रदेश सभासद् त्रिलोकी चौधरीले एक पक्षले मात्र प्रयास गरेर दिगो वन विकास नहुने भएकोले पनि सबैको साथ र सहयोग आवश्यक हुने बताए।

प्रदेश सांसद एवं वन समूहका पूर्वअध्यक्ष मीना लामाले आफू अध्यक्ष

(बाँकी तेस्रो पातामा)

## पर्सामा नौलो किसिमबाट काठ तस्करी

बलिराम शुक्ला, बिरुवागुठी २८ पुस/

चीसो बढेसँगै पर्साको विन्ध्यवासिनी -कोइलाभार बडनिहार साझेदारी वन क्षेत्रबाट नौलो किसिमबाट काठ तस्करी भएको छ।

चीसो मौसमको फाइदा उठाउँदै तस्करहरूले सालको रूखको फेंदमा आगो लगाउने र आगोको माध्यमबाट रूख ढाली तीन फिटदेखि चार फिटको गोलिया बनाई ढुवानी गर्ने गरेको पाइएको छ।

शनिवार साझेदारी वन क्षेत्रको नचनियाघाटदेखि पूर्व करीब छ फिट मोटो सालको रूखको फेंदमा आगो लगाएर रूख खसाई टुक्रा बनाएर जङ्गलमा राखिएको अवस्थामा पाँच थान सालको गोलिया वनकर्मी टोलीले फेला पारेको सबडिभिजन वन कार्यालय, बडनिहारले जनाएको छ।



तस्वीरः प्रतीक

सबडिभिजन वन कार्यालय बडनिहारका सुवेदार विनोदप्रसाद कुर्मीको कमान्डमा खटेको वन गस्ती टोलीले बरामद गरेको हो।

तस्करहरूले रूखको फेंदमा आगो लगाई रूख ढालेको अवस्थामा पाँच थान सालको गोलिया फेला परेको सुवेदार कुर्मीले बताए।

उनले बरामद काठलाई सबडिभिजन वन कार्यालय बडनियारमा राखिएको जानकारी गराएका छन्।

## विचारसार र सूक्तिहरु

**संस्कारभन्दा ठूलो कुनै वसीयत हुँदैन र इमानदारीभन्दा ठूलो कुनै विरासत हुँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# पर्यावरण असन्तुलनको बीभत्स स्वरूप

सदीयौंदेखि चलिआएको ऋतुचक्र भङ्ग हुन लागेको छ । गर्मीको प्रकोप प्रत्येक वर्ष बढिरहेको छ । हिमनदीहरू पग्लिरहेका छन्, ओजोन तहमा प्वाल परेको छ । विश्वभर पिउने पानीको भीषण कमीको स्पष्ट सङ्केत पाउन थालिएको छ । पर्यावरण-संरक्षण आज सर्वाधिक महत्त्वपूर्ण एवं चर्चित मुद्दा बन्न पुगेको छ । विश्वभरिमा विभिन्न संस्थाहरू यस दिशामा क्रियाशील हुन पुगेको छ, जहाँ सामान्य नागरिक सुविधाको नामोनिशान हुन्न । यस्ता प्रद्रषण बढिरहेको कुराको बेवास्ता मात्र गरिन्न, अपितु लुकीछिपी बढावा पनि दिइन्छ ।

रूख बिरुवाहरू काटिंदै छन् । कानून छ, तर मिलेमतो गरेर कानूनको धज्जी उडाइन्छ । भ्रष्टाचार त हाम्रो रगतमा नै मिसिइसकेको छ । साधनसम्पन्न मानिस आफूलाई कानूनभन्दा माथि ठान्दछ, सबै

**अब भन्ने-सुन्ने समय छैन, केही गर्नुपर्ने समय आएको छ । प्रत्येक व्यक्तिले यस सन्दर्भमा आफ्नो प्राथमिकता स्वयं तय गरोस् र त्यसलाई कार्यरूपमा परिणत गर्न कटिबद्ध बनोस् । समस्या हाम्रो सामु छ । आफ्नो गच्छे अनुसार प्रत्येकले आआफ्नो कर्तव्य स्वयं निश्चित गर्नुछ र त्यसलाई व्यवहारमा ल्याउनु छ ।**

प्रकारको मनोमानी गर्दछ । योजनाहरू बनाइन्छ, तर कुनै पूरा हुँदैन । सरसफाइको नाममा करोडौं रुपियाँ खर्च गरिन्छ, तर कागजमा । प्रदूषण पहिलेभन्दा निकै बढेको छ । भइसकेका छन् ।

सरकारीस्तरमा पनि पाइला चालिएका छन्, तर जनजागरण सर्वाधिक आवश्यक देखिएको छ । विडम्बना त के छ भने एकातिर पर्यावरण-संरक्षणका प्रयासहरू भइरहेका छन् भने त्यहीं दोस्रोतिर पर्यावरणलाई दूषित पार्ने कारणहरू यथावत् छन्, अपितु त्यसमा निरन्तर वृद्धि नै भइरहेको छ ।

उदाहरणका लागि दुई-पाङ्ग्रे र चार पाङ्ग्रे वाहनबाट निस्कने धूवाँबाट हुने प्रदूषणलाई नै लिउँ-एकातिर सल्फररहित पेट्रोल र सिएनजीको प्रयोग गर्न भनिंदै छ भने अर्कोतिर वाहनहरूको सङ्ख्यामा अन्धाधुन्ध वृद्धि भइरहेको छ । यस समस्याले जति विकराल रूप धारण गरेको छ, त्यसको अनुपातमा समाधानको गति एवं उत्साह नगण्य नै भन्न सकिन्छ ।

पर्यावरण-संरक्षणको महायज्ञमा जनजनको सहभागिता परम आवश्यक छ र यस सहभागितामा जनमानसलाई क्रियाशील बनाउन छापा एवं श्रव्य-दृश्य माध्यमहरूको सर्वाधिक महत्त्वपूर्ण योगदान हुन सक्दछ ।

आवश्यक छ कि केटाकेटीदेखि बूढापाका तथा महिलाहरूसम्म प्रत्येक व्यक्तिको मन-मस्तिष्कमा पर्यावरण-प्रदूषणको भयावहता, त्यसका गम्भीर परिणाम तथा पर्यावरण-संरक्षणमा उनको आफ्नो योगदानको सुस्पष्ट चित्र अङ्कित होस् । उनीहरूले बुझून् कि उनीहरूले के गर्नुपर्छ र के गर्नुहुँदैन । अहिलेसम्म पर्यावरण-संरक्षणको चर्चा-परिचर्चा, उच्चस्तरीय गोष्ठी, सेमिनार, सभाहरूसम्म नै सीमित छ । सामान्य मानिस यस गतिविधिबाट अनभिज्ञ छ, त्यसैले उदासिन पनि छ ।

यी प्रयासहरूमा तब मात्र गति आउँछ, जब प्रत्येक घर, प्रत्येक परिवार, प्रत्येक गृहिणी र एकएक बच्चाको मुखमा पर्यावरण-संरक्षणको चर्चा चल्न थाल्छ । यो अभियान युद्धस्तरमा चल्नुपर्छ । पर्यावरणलाई दूषित पार्नमा हाम्रो अबुझपना, हाम्रो परम्परा, हाम्रो आधुनिकता, हाम्रो वैज्ञानिक प्रगति, हाम्रो स्वार्थगत लोभ, हाम्रा नेताहरूको भोटको भोक सबैको छ्यासमिस योगदान छ ।

यताउता छाप्राछाप्रीहरूको निर्माण, जताततै च्याउ उम्रेझैं देखिने फोहर बस्तीहरू बस्दै जानु एउटा सामान्य कुरा अतिक्रमण सामान्य कुरा भएको छ ।

यस्तो लाग्दछ कि कमोबेस, आधा अधूरा जे केही भइरहेको छ त्यसमा कुनै स्पष्ट नीति, कार्ययोजनाको नितान्त अभाव छ । शासन-प्रशासन, कानूनको डर कसैलाई रहेन, जसलाई जे मन लाग्छ, गरिरहेको छ । जताततै अतिक्रमण सामान्य कुरा भएको छ ।

जमीनको भोक यतिसम्म बढेको छ कि मानिसले निकासको बाटोसम्म बन्द गरिदिन्छन् । फोहर पानीको नालामाथि पसल र घर ठडिन्छन् । शहरको बाहिरी इलाका, बस स्टयान्ड, राजमार्ग वरिपरि जङ्गली क्षेत्रमा समेत छाप्राछाप्री देखा पर्छन् ।

शहर छेउछाउ रहेका ढिस्का-थुम्काको त मानौं हत्या नै भइरहेको छ । ढुङ्गा-बालुवा निकाल्ने, माटो झिक्ने नाममा तिनको हत्या गरिन्छ र त्यसैमा छाप्राछाप्री निर्माण गरिन्छ । प्राकृतिक सम्पदाको मानौं कोही संरक्षक नै छैन । तरकारी बजारहरू हिलो, कचरको पर्याय बनेका देखिन्छन् । न कोही हेर्नेवाला छ, न सुन्नेवाला । अब त सगरमाथाको चुचुरासम्म प्रदूषण बढाउने फोहर जम्मा हुन थालेको छ ।

अस्पताल, नर्सिङहोमबाट निस्केका कचर खुला ठाउँमा फ्याँकिन्छ । बच्चा, बूढा, रोगीहरूकोलाई यस्ता फोहरबाट असुविधा हुन्छ भन्ने कुराको कसैलाई वास्ता नै हुँदैन । मोटरसाइकल, स्कूटरका साइलेन्सर झिकेर वा तीव्र ध्वनि उत्पादन गर्ने यस्ता सवारी साधनहरू निर्धक्क सडकहरूका कुदाइन्छ । प्रेसर हार्न बजाएर कानै फुटाउने आवाज निकालेर गाडीहरू हुइँकिन्छन् । अस्पताल, विद्यालयजस्ता शान्त क्षेत्रका सडकहरूमा नै सर्वाधिक भीड र अत्यधिक कोलाहल हुन्छ, तर यसप्रति कसैको सरोकार देखिंदैन । घरघरमा चापाकल गाडिनाले भूमिगत जलको स्तर तल खस्किंदो छ ।

पशुपक्षी तीव्रताले लोप भइरहेका छन् । गिद्धहरूको एक्कासि घट्दो सङ्ख्या अचेल चर्चाको विषय बनेको छ । नदी र समुद्रमा बढिरहेको प्रदूषणका कारण जल-जन्तुहरूको निरन्तर ह्रास भइरहेको छ । करोडौं वर्षमा प्रकृतिले जे सृजन गरेको थियो, त्यसलाई हामी केही वर्षमैं मेट्न तम्तयार भएका छौं । विज्ञान र प्रकृतिमा मानौं एक प्रकारको होढ चलिरहेको छ ।

प्लास्टिकका झोलाहरूले त झन् भयावह अवस्था उत्पन्न गरिदिएका छन् । घर पालुवा जनावर वा जङ्गली जनावरहरू तिनलाई खान्छन् र अकाल मृत्यु मर्छन् । दूषित पर्यावरणको कुप्रभाव मानिसको शारीरिक मात्र होइन, मानसिक स्वास्थ्यमा पनि परिरहेको छ । रोगहरू बढिरहेका छन् । नयाँनयाँ रोगहरूको उत्पत्ति भइरहेको छ । मानिस आत्म-सन्तुलन, धैर्य, सहिष्णुता गुमाएर हिंसक बनिरहेको छ । यो त पर्यावरण प्रदूषणको सानो उदाहरण मात्र हो, अरू धेरै कुराहरू छन्, तर बढी विस्तारमा न त्यसको आवश्यकता छ, न त्यो व्यावहारिक नै हुन्छ ।

अब भन्ने-सुन्ने समय छैन, वास्तवमा केही गर्नुपर्ने समय आएको छ । प्रत्येक व्यक्तिले यस सन्दर्भमा आफ्नो प्राथमिकता स्वयं तय गरोस् र त्यसलाई कार्यरूपमा परिणत गर्न कटिबद्ध बनोस् । समस्या हाम्रो सामु छ । आफ्नो गच्छे अनुसार हामीमध्ये प्रत्येकले आआफ्नो कर्तव्य स्वयं निश्चित गर्नुछ र त्यसलाई व्यवहारमा ल्याउनु छ । पर्यावरण-संरक्षणका लागि जनसहभागिता र जिम्मेवारी अभियान चलाएर मात्र यस समस्याबाट छुटकारा पाउन सकिन्छ ।

# आर्थिक अभिवृद्धि : तथ्याङ्क कि तथ्य ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**तथ्याङ्कीय चलखेल आत्मरतिमात्रै हो । जबसम्म तथ्याङ्कीय प्रगतिको प्रत्याभूति नागरिकको जीवनमा देखिंदैन, यसको विश्वसनीयतामा भरपर्ने अवस्था रहन्न । तथ्याङ्कको उतार चढाव होइन, दैनिक जीवनमा त्यसको प्रभाव कति र कस्तो छ भन्ने तथ्य अर्थ व्यवस्थाको मुख्य सरोकार हुनुपर्दछ ।**

तथ्याङ्कीय विरोधाभास अलमलको विषय बन्दै आएको छ । देशको आर्थिक अभिवृद्धि सम्बन्धमा सरकार र विकास साझेदारहरूबाट आउने अनुमानहरू अर्थ-राजनीतिमा चासो राख्ने जोकोहीलाई अलमलमा पार्न पर्याप्त हुन सक्दछन् । हालै विश्व बैंकले गरेको प्रक्षेपण र सरकारको दाबीले यस्तै अवस्था सृजना गरिदिएको छ ।

सरकार चालू आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धि भेट्टाउने लक्ष्य सुनाइरहको छ । विश्व बैंक भने चालू वर्ष २०८०/८१ मा ३.१ प्रतिशत वृद्धि हुने प्रक्षेपण गरिरहेको छ । आगामी वर्ष भने नेपालको आर्थिक वृद्धिदर ५ प्रतिशतबाट उकालो लाग्ने अनुमान विश्व बैंकले गरेको छ । विश्व अर्थतन्त्र २ प्रतिशतको हाराहारीमा खुम्चिने अनुमानबीच नेपालको अर्थतन्त्रमा सुधारको प्रक्षेपणलाई सकारात्मक सङ्केत भनिए पनि त्यसमा ढुक्क हुने अवस्था भने छैन ।

विश्व बैंकजस्ता बाह्य निकायले सरकारले उपलब्ध गराएका तथ्याङ्कको आधारमा यस्तो अनुमान बाहिर ल्याउने हुन् । यस्ता तथ्याङ्कले देशमा लगानीको वातावरण कस्तो छ ? उत्पादन र खपतको प्रवृत्ति कतातिर गइरहेको छ ? भन्नेजस्ता कुरा अनुमान गर्न सजिलो हुन्छ । यसबाट लगानीकर्ताको मनोबलमा प्रभाव पार्ने भएकोले सरकारले आगामी वैशाखमा आयोजना गर्ने भनिएको लगानी सम्मेलनलाई यसले केही आड दिन सक्दछ ।

अहिले सरकारले विप्रेषण बढेको, विदेशी मुद्राको सञ्चिति बढेको, शोधनान्तर अवस्थामा सुधार आएकोलगायत पक्षलाई अर्थतन्त्रमा सुधारका सूचकको रूपमा अर्थ्याएको छ । नेपाल राष्ट्र बैंकका अनुसार बितेको ५ महीनामा सवा ६ खर्ब रुपियाँ विप्रेषण भित्रिएको छ । यो अघिल्लो वर्षको समीक्षा अवधिको तुलनामा २३ प्रतिशत बढी भएको बताइएको छ । तर, यो वृद्धि जनशक्ति बढी बाहिर गएकोले बढेको हो कि हाम्रो जनशक्तिको दक्षता बढेर आम्दानी बढेको हो भन्ने मूल कुरा हो । गत मङ्सिर महीनामा मात्रै ७१ हजार युवाशक्ति रोजगारका लागि विदेशिएको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ । यो सङ्ख्या हेर्दा दैनिक २ हजारभन्दा बढी हो । यो वर्ष रोजगारका लागि बाहिरिने सङ्ख्या इतिहासमैं उच्च भएको सरकारी आँकडाले नै देखाइसकेको छ । उच्च शिक्षा अध्ययनको नाममा विदेश जानेहरू पनि अधिकांश उतैको रोजगारमा रहने हुन् । भारतमा रोजगारका लागि जानेहरूको त हिसाबै छैन । कुल जनसङ्ख्याको आधा हिस्सा विदेशिएको अनुमान छ । विप्रेषणका आप्रवाहमा आत्मरति खोजिरहँदा गाउँ-शहर युवाविहीन भइरहेको अवस्थाप्रति सतर्कता आवश्यक ठानिएको छैन । शहर त जसोतसो चलेका छन्, आज गाउँ युवाविहीन भइसक्यो । देशमा रोजगारको अवसर नभेटेपछि एकमात्र त्रिभुवन विमानस्थलमा विदेशिने युवाको लर्को देख्दा जुनसुकै नेपालीको मन भारी हुनु अस्वाभाविक होइन । देश चलाउने नेतृत्व भने यसैलाई आर्थिक सुधारको सूचकको रूपमा बढाइचढाइ गरिराखेको देखिन्छ, उनीहरूको मनलाई यस्ता पीडाले कत्ति पनि छुँदैन ।

विप्रेषणको कमाइ नराम्रो होइन, तर हामीले दक्ष जनशक्ति पठाउन सकेको भए त्यो उपलब्धि मान्न सकिन्थ्यो, अर्को कुरा विप्रेषणको आय दिगो हुँदैन । एउटा अध्ययनले नेपालको ५० प्रतिशतभन्दा बढी घरपरिवारले यस्तो आयको प्रत्यक्ष लाभ लिएको र जीवनस्तर उकासेको बताएको छ । सँगै यस्तो आय दिगो नहुँदा यस माध्यमबाट स्तर उकासिएको जनसङ्ख्या कुनै पनि बेला गरिबीको रेखामुनि झर्न सक्ने चेतावनी पनि दिएको छ । सरकारले यस्तो आयलाई उत्पादन र रोजगारमूलक क्षेत्रमा लगाउने नीति पनि लिएको देखिन्न ।

विदेशी मुद्राको सञ्चिति बढेर १४ महीनाको वस्तु अयात धान्ने अवस्थामा पुगेको भनिएको छ । यस्तो सञ्चिति १७ खर्ब ६७ अर्ब रुपियाँ पुगेको राष्ट्र बैंकले बताएको छ । सञ्चिति केका लागि चाहिने हो ? विदेशबाट हुने आयातको भुक्तानी सन्तुलनका लागि यसको खाँचो पर्ने हो । भन्सार विभागको तथ्याङ्कमात्रै हेर्दा पनि वैदेशिक व्यापार खस्किएको देखिन्छ । यतिसम्म कि गत वर्ष सरकारले आयातमा लगाएको नियन्त्रणाको समयभन्दा पनि यतिखेर वैदेशिक व्यापार बढी खुम्चिएको छ । उत्पादन घटेर एक चौथाईमा झरेको निजी क्षेत्रको भनाइ नपत्याउनुपर्ने कारण छैन । बजारमा देखिएको मागको कमी र उत्पादन ह्रासका कारण सञ्चिति थुप्रिएकोमा किन्तुपरन्तुमा अल्मलिइरहनुपर्ने अवस्था छैन ।

युवाजति विदेश गएको छ । उनीहरूले उताबाट पठाएको पैसा थन्किएको छ । कुनै पनि बजारको मुख्य उपभोक्ता भनेको युवाहरू नै हुन् । युवाहरू विदेशी भूमिमा पसिना चुहाइराख्दा स्वदशी बजारमा माग कसरी सृजना हुन्छ ? स्वाभाविक हो, युवाविहीन बजारको माग सुक्छ, यो अहिले बजारले भोगिरहेको समस्या हो । बजारमा माग नभएको कुरालाई बैंकमा थुप्रिएको तरलताले पनि पुष्टि गरिरहेको छ । केही महीना अघिसम्म तरलता अभाव भयो भनेर ब्याजदर बढाइरहेका बैंक अहिले ब्याज घटाउन लागेका छन् । बैंकमा ६ खर्ब रुपियाँ लगानीयोग्य रकम थुप्रिएपछि बैंकहरूलाई यो रकम कता लगानी गर्ने भन्ने चिन्ताले सताएको छ । आन्तरिक उत्पादन, खपत, लगानी बढेर पनि सरकारले भनेजस्तै सञ्चिति र शोधनान्तर स्थिति सकारात्मक भएको भए त्यसलाई सुधार मान्न सकिने थियो ।

सरकार लगानी सम्मेलनको कुरा गरिरहेको छ । तर, स्वदेशी लगानीकर्ता नै सरकारको नीतिप्रति आश्वस्त हुन नसकेको अवस्थामा बाहिरका लगानीकर्ता कुन मनोविज्ञानले हामीकहाँ लगानीको पोको बोकेर भित्रिएलान्, आशङ्काको विषय हो । सरकार कतिसम्म गतिहीन छ भन्ने कुराको पछिल्लो उदाहरण डेडिकेटेड र ट्रङ्क लाइनको लफडा बनेको छ । ३ हप्तासम्म उद्योगको लाइन काटेर कुनै निष्कर्षविनै समस्यालाई अझ लम्ब्याउने काम भएको छ । आयोग बनाउने र तत्कालका लागि लाइन जोड्ने भनेको प्रकारान्तरले निकासलाई अल्मल्याउने उपक्रम मात्रै हो । कमजोर सरकारी संयन्त्र, अस्थिर नीति, राजनीतिक नेतृत्वको वैयक्तिक स्वार्थ, चरम भ्रष्टाचार, हरेक काम कारबाईमा व्यापक कमिशनखोरीजस्ता असङ्गतिको अगाडि अन्तरिक लगानीकर्ता नै आजित भएको बेला बाहिरको लगानी आउन सम्भव छैन । हालैमात्र स्वदेशका लगानीकर्ताले लगानीसँग सरोकार राख्ने ३६ ओटा कानूनमा सुधार, संशोधन र तिमध्ये केही नयाँ कानून निर्माणको माग गरेका छन् ।

आर्थिक अभिवृद्धिको उद्देश्यमा पुग्न स्पष्ट रणनीतिक योजना चाहिन्छ । देश हाँक्ने नेतृत्व र स्थायी सरकार भनिएको कर्मचारीतन्त्रमा इमानदारिताको कमी, अपेक्षित आर्थिक वृद्धि र त्यसको प्रत्याभूतिको अवरोध हो । तथ्याङ्कीय चलखेल आत्मरति मात्रै हो । जबसम्म तथ्याङ्कीय प्रगतिको प्रत्याभूति नागरिकको जीवनमा देखिंदैन, यसको विश्वसनीयतामा भरपर्ने अवस्था रहन्न । तथ्याङ्कको उतार चढाव होइन, दैनिक जीवनमा त्यसको प्रभाव कति र कस्तो छ भन्ने तथ्य अर्थ व्यवस्थाको मुख्य सरोकार हुनुपर्दछ ।

# विभिन्न स्थानमा दुर्घटना १८ जनाको मृत्यु

जानकी (बाँके), २८ पुस/रासस

बाँकेको नेपालगंजबाट काठमाडौंतर्फ जाँदै गरेको यात्रुबाहक बस दाङको भालुबाङस्थित राप्ती नदीमा खस्दा मृत्यु हुनेको सङ्ख्या १२ पुगेको छ ।

दाङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रामबहादुर केसीका अनुसार गएराति १ बजेसम्म मृत्यु हुनेको सङ्ख्या १२ पुगेको हो ।

उनका अनुसार हालसम्म आठ यात्रुको मात्र सनाखत हुन सकेको छ । अन्य मृतकको सनाखत हुन सकेको छैन । शवलाई लमहीस्थित लमही अस्पतालमा राखिएको छ ।

दुर्घटनामा मृत्यु हुनेमा मकवानपुरको हेटौंडाका ३९ वर्षीय सौरभ विष्ट, काठमाडौंको चन्द्रागिरि नगरपालिका-१५ का ६५ वर्षीय ताराकान्त पाण्डे, भारत उत्तर प्रदेशका ३१ वर्षीय मुने, जुम्लाको चन्दननाथ नगरपालिका-९ का ४० वर्षीय मुनबहादुर रावत, बाँकेका २० वर्षीय रामबहादुर हरिजन, रूकुमको गोतामकोट-९ का २५ वर्षीय दीपक कामी, भारत विहारका ६७ वर्षीय योगेन्द्र राम तथा बाँकेको नेपालगंजकी ६० वर्षीया कुसुम बस्नेत रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी घाइते भएकामध्ये आठ जनाको बाँकेको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले जानकारी दिए ।

उनका अनुसार पाँचवटा एम्बुलेन्समा घाइतेलाई शिक्षण अस्पताल ल्याइएको थियो ।

इलाका प्रहरी कार्यालय, भालुवाङका प्रहरी निरीक्षक उज्ज्वलबहादुर सिंहका अनुसार नमस्ते यातायातको भे. १ ख ३९१२ नम्बरको बस गएराति १०:३० बजे राप्ती नदीमा खसेको हो ।

प्रहरीले बसचालक सल्यान घर भएका २८ वर्षीय लालबहादुर नेपालीलाई नियन्त्रणमा लिएको छ ।

**बागलुङमा जीप दुर्घटना, दुई जनाको मृत्यु, नौ घाइते**

बागलुङमा भएको जीप दुर्घटनामा दुईजनाको मृत्यु भएको छ ।

शनिवार बिहान बुर्तिबाङ बजारबाट ढोरपाटन उपत्यका गइरहेको जीप ढोरपाटन नगरपालिका-५ अस्तुमा दुर्घटना भएको हो ।

दुर्घटनामा जीपचालक ढोरपाटन नगरपालिका-४ का ३० वर्षीय तिलक घर्तीमगर र चन्द्रागिरि नगरपालिका-११ काठमाडौंकी २८ वर्षीय सङ्गीता अधिकारीको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङले जनाएको छ ।

दुर्घटनामा नौजना घाइते भएका छन् । जिपको ब्रेक फेल भएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

घाइते नौजनाको उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको छ ।

**चन्द्रागिरिको सेतोपहरामा सवारी दुर्घटना, चारजनाको मृत्यु**

चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतो पहरा भन्ने ठाउँमा शनिवार दिउँसो भएको सवारी दुर्घटनामा चारजनाको मृत्यु भएको छ ।

काठमाडौंबाट चित्लाङतर्फ गइरहेको गाडी अनियन्त्रित भई सडकदेखि पाँच सय मिटर तल खसेर दुर्घटना भएको निमित्त प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

दुर्घटनामा काठमाडौंको मैतिदेवी बस्ने वर्ष ६७ वर्षीय ओमकार निधि तिवारी, सोही स्थानका ६४ वर्षीया कल्पना तिवारी र काठमाडौंको लाजिम्पाट बस्ने डा महेशकुमार गौतम र सोही ठाउँमा ४ वर्षीय प्रियान्स गौतमको मृत्यु भएको काठमाडौं प्रहरीका प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिए ।

प्रहरीका अनुसार भ्यानमा ६ जना सवारमध्ये चारजनाको घटनास्थलमा नै मृत्यु भएको र दुईजना घाइतेलाई उपचारका लागि बल्खुस्थित बयोधा अस्पतालमा लगिएको छ ।

दुर्घटनामा ६ वर्षीया स्मारिका गौतम र उनकी आमा डा सृष्टि तिवारी घाइते भएका छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा आँधीका कारण दुई हजारभन्दा बढी उडान रद्द

### २४०० भन्दा बढी उडानमा ढिलाइ



तस्वीरः एजेन्सी

सिकागो, २८ पुस/एएनआई

अमेरिकी मध्यपश्चिम र दक्षिण क्षेत्रमा आएको आँधीबेहरीका कारण सयौं यात्रु अमेरिकी विमानस्थलमा अलपत्र परेको सीएनएनले शुक्रबार जनाएको छ। विमानस्थल प्रशासनले दिएको विवरण अनुसार आँधीका कारण अहिलेसम्म दुई हजारभन्दा बढी उडानहरू रद्द भएका छन् भने दुई हजारभन्दा बढी उडान ढिलो भएका छन्।

शिकागोको ओहरे अन्तर्राष्ट्रिय विमानस्थलमा ३६ प्रतिशत आगमन र करीब ४० प्रतिशत प्रस्थान रद्द भएका छन् भने शिकागो मिडवे अन्तर्राष्ट्रिय विमानस्थलमा ६० प्रतिशत आवागमन रद्द गरिएको छ।

त्यस्तै, डेनभर इन्टरनेशनल र मिल्वौकी मिचेल इन्टरनेशनल पनि प्रभावित भएका छन्। सीएनएनका अनुसार ७३७ म्याक्स ९ विमान ग्राउन्डेड भएका कारण रद्द हुनुले पनि यो सङ्ख्यामा वृद्धि भएको हुनसक्छ।

सङ्घी उड्डयन प्रशासन (एफएए) ले अनिवार्य गरेको ग्राउन्डिङका कारण यस साता युनाइटेड र अलास्का एयरलाइन्सका २०० भन्दा बढी उडान रद्द भएका छन्। एफएए र बोइङले अझै पनि निरीक्षण प्रोटोकलमा सम्झौता गर्ने प्रयास गरिरहेका छन् जसले ती विमानहरूलाई उडान शुरू गर्न अनुमति दिन्छ। यसबाहेक अमेरिकाका अन्य क्षेत्रमा हुने हवाइ आवागमनमा पनि आँधीको प्रभाव देखिएको छ।

अधिकांश उडान रद्द हुनुलाई अत्यधिक जाडो र आँधीको कारण भएको बताइएको छ। रासस

## कार्गो जहाजमाथि थप आक्रमणको धम्कीपछि यमनमा अमेरिकी आक्रमण

साना (यमन), २८ पुस/एएफपी

इरान समर्थित लडाकुसमूहले 'रेड सी'मा पानी जहाजमाथि थप आक्रमण गर्ने चेतावनी दिएपछि अमेरिकाले यमनको हुथी विद्रोहीलाई लक्षित गरी शनिबार पुनः आक्रमण गरेको अमेरिकी केन्द्रीय कमाण्डले जनाएको छ।

प्यालेस्टिनी लडाकू समूह हमाससँग इजरायलले गरिरहेको युद्ध प्यालेष्टिनी थप क्षेत्रमा बिस्तार हुने देखिएपछि यमनी हुथी समूहले आफनो क्षेत्रीय सहयोगी हमासलाई सहयोग गर्दै इजरायलको युद्ध बिस्तारविरुद्ध चेतावनी दिएको हो।

यमनले 'रेड सी' मा इजरायल सम्वद्ध जहाजमाथि आक्रमण बढाएको एक दिनपछि हुथीको राडार साइटमा आक्रमण भएको हो।

इरान समर्थित लडाकूको सरकारी सञ्चारमाध्यमले यसअघि यमनको विद्रोहीको नियन्त्रणमा रहेको राजधानी सानामा रहेको अल–दैलामी एयरबेसमा आक्रमण भएको जनाएको थियो।

इजरायल–हमास युद्धको विरोधमा हप्तौंदेखि इजरायलसँग जोडिएको पानीजहाजमा आक्रमण गर्दै आएका हुथी विद्रोहीले पहिलो आक्रमणपछि अमेरिका र बेलायतको स्वार्थ 'वैध निशाना' भएको चेतावनी दिएका छन्।

बेलायत, संयुक्त राज्य अमेरिका र आठ सहयोगी राष्ट्रले शुक्रबार गरिएको हवाई आक्रमणको उद्देश्य 'तनाव कम गर्ने' रहेको बताएका छन् तर हुथी विद्रोहीले आक्रमण जारी राख्ने प्रतिबद्धता जनाएका छन्।

विद्रोहीहरूको सर्वोच्च राजनीतिक परिषद्ले भनेको छ, "आक्रमणपछि सबै अमेरिकी–बेलायती स्वार्थहरू वैध निशाना बनेका छन्।" विद्रोहीका उपविदेशमन्त्री हुसेन अल एज्जीले संयुक्त राज्य अमेरिका र बेलायतले ठूलो मूल्य चुकाउन तयार हुनुपर्ने बताएका छन्।

सन् २०१४ मा गृहयुद्ध शुरू भएदेखि नै विद्रोहीहरूले यमनको अधिकांश भाग आफनो नियन्त्रणमा लिएका छन् र इजरायल र यी गतिविधि उसका सहयोगीहरूविरूद्ध इरान समर्थित 'प्रतिरोधको उच्चतम' हिस्सा हुन्।

यमन, लेबनान, इराक र सिरियामा अक्टोबरको सुरूमा गाजामा युद्ध शुरू भएयता इरानसमर्थित समूहमाथि हिंसा बढेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुट्रेरेसले क्षेत्रीय शान्ति र स्थायित्वका लागि सबै पक्षलाई तनाव नबढाउन आग्रह गर्नुभएको महासचिवका प्रवक्ता स्टेफन दुजारिकले जानकारी दिए।

हुथी विद्रोहीले पानीजहाजमाथि गरेको आक्रमण तत्काल रोक्न माग गर्दै प्रस्ताव पारित गरेको केही दिनपछि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शुक्रबार आपतकालीन बैठक बोलाएको थियो।

भेटमा अमेरिकी राजदूत लिन्डा थोमस–ग्रिनफिल्डले हुथी विद्रोहीले 'रेड सी'मा पानीजहाज सञ्चालन गर्दा हुने खतराबाट कुनै पनि जहाज सुरक्षित नरहेको चेतावनी दिइन्।

रूसी राजदूत भासिली नेबेन्जियाले देशको सम्पूर्ण जनतामाथि भएको 'निर्लज्ज सशस्त्र आक्रमण'को निन्दा गरे।

मध्यपूर्वका नेताहरूले हिंसाप्रति चिन्ता व्यक्त गरेका छन्। टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले यमनमाथिको आक्रमणलाई अनुचित भन्दै यसले 'रेड सी' क्षेत्र रक्तपातपूर्ण बन्नसक्ने बताए।

साउदी अरबले सैन्य कारबाहीलाई निकै चिन्ताका साथ हेरिरहेको बताउँदै 'आत्मसंयम र तनावबाट जोगिन' आह्वान गरेको छ।

सन् २०२२ को शुरूमा भएको युद्धविरामपछि साउदी अरबले हुथी विद्रोहीसँग नौ वर्षसम्म चलेको युद्धबाट आफूलाई मुक्त गर्ने प्रयास गरिरहेको छ।

हमासले क्षेत्रीय सुरक्षामा परेको असरका लागि बेलायत र संयुक्त राज्य अमेरिकालाई जिम्मेवार भएको दावी गरेको छ। रासस

## युद्ध, रोग र भोकमरीको सामना गर्दै गाजाबासी

जेनेभा, २८ पुस/सिन्हुवा

गाजापट्टीका परिवारहरूले द्वन्द्व, सुरक्षित पानीको अभावबाट हुने रोग र खाद्यान्न अभावका कारण भोकमरीको 'तेहेरो खतरा'को सामना गरिरहेको संयुक्त राष्ट्रसङ्घका अधिकारीले शनिबार बताएका छन्।

गाजामा बन्धक बनाइएका बाँकी इजरायली बालबालिकाका लागि पनि यो दुःस्वप्न जारी रहेको र स्थिति तीव्र गतिमा बिग्रँदै गएको उनीहरूले बताएका छन्।

प्यालेस्टिनीका लागि संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) की विशेष प्रतिनिधि लुसिया एल्मीले जेरूसेलमबाट भिडियो लिङ्कमार्फत आयोजित पत्रकार सम्मेलनमा आफू गाजामा एक हप्ता बिताएर भर्खरै फर्केको बताइन्।

गाजाको पछिल्लो स्थितिले आफूलाई निकै दुःखी बनाएको बताउँदै उनले भनिन् – "हजारौं बालबालिकाको मृत्यु भइसकेको र तीनवटा अत्यावश्यक समस्या तत्काल सम्बोधन नगरिए अझै हजारौं बालबालिकाले ज्यान गुम्ने जोखिम रहेको छ।"

बमबारीबाट पीडितका लागि राहतको व्यवस्था गर्न सुरक्षा, सहायता वितरणको लागि रसद, र व्यावसायिक क्षेत्रको पुनः सञ्चालन आवश्यक छ। एल्मीले पत्रकारहरूसँग कुरा गर्दै विगत दुई हप्तामा मात्र गाजामा बालबालिकामा झाडापखालाका घटनाहरू झन्डै दोब्बर भएर ७० हजार पुगेको बताइन्।

करिब एक लाख ३५ हजार बालबालिका पनि गम्भीर कुपोषणको जोखिममा छन्। उनले तत्काल र दीर्घकालीन युद्धविराम नै बालबालिका र परिवारको हत्या र घाइतेको अन्त्य गर्ने एक मात्र उपाय भएको र अति आवश्यक मानवीय सहायता तत्काल उपलब्ध गराउन आवश्यक रहेको उल्लेख गरिन्।

एल्मीले गाजा पट्टीमा प्रवेश गर्ने सबै नाकाहरू पुनः खोल्नुपर्ने, सहायताका लागि अनुमोदन प्रक्रिया छिटो हुनुपर्ने, विद्यालय र अस्पतालजस्ता नागरिक पूर्वाधारको संरक्षण गरिनुपर्ने र गाजापट्टीको उत्तरमा पहुँच प्रदान गर्नुपर्ने बताइन्।

उनले भनिन्– अपहरणमा परेका बालबालिकासहित विभिन्न देशका नागरिकलाई पनि बिनाशर्त र सकुशल रिहा गरिनुपर्छ। हमास र अन्य प्यालेस्टिनी सशस्त्र समूहले इजरायलमाथि आक्रमण गरेको यो आइतबार १०० दिन पुगेको छ। अहिलेसम्म एक हजार २०० इजरायली मारिएका छन् भने करीब २५० जनालाई बन्धक बनाइएकोमा १०० भन्दा बढीलाई रिहाइ गरिएको छ। इजरायलले सैन्य कारबाइ शुरू गरेयता १४ हप्तामा २३ हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन्, जसमध्ये करीब दुई तिहाइ महिला र बालबालिका छन्। रासस

## पोखरियामा टावर ध्वजाको शिलान्यास



तस्वीरः प्रतीक

प्रस, पोखरिया, २८ पुस/

पोखरिया नगरपालिका–९ स्थित हलुमान मन्दिरमा टावरध्वजाको एक कार्यक्रमका बीच शनिवार शिलान्यास गरिएको छ।

पोखरिया नगरपालिकाका उपप्रमुख रूबी ठाकुरले टावरध्वजाको शिलान्यास गरेकी थिइन्। नपाको रु चार लाखको लागतमा १०१ फिटको उचाइँमा ध्वजा निर्माण हुन लागेको उपप्रमुख ठाकुरले बताइन्।

उनले गुणस्तरीय काम गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिंदै सो कामको निगरानी गर्न स्थानीयहरूलाई आग्रह गरिन्। कार्यक्रममा वडाध्यक्ष नौसाद आलम, स्थानीय राकेश महतो, मथुरा महतो, दीपक ठाकुरलगायतको सहभागिता थियो।

## एक हजार चल्ला नष्ट

प्रस, सिम्रौनगढ, २८ पुस/

सशस्त्र प्रहरी बिओपी गोलागंजले कुखुराको चल्ला नष्ट गरेको छ।



सिम्रौनगढ नगरपालिका–९ अमरपुरनजीक नाकाबाट भारतबाट नेपाल भित्र्याइएको कुखुराको चल्ला सशस्त्र प्रहरी बिओपी गोलागंजले नियन्त्रणमा लिएर सरोकारवालाहरुको रोहबरमा नष्ट गरेको हो।

साइकलमा राखेर भारतबाट कुखुरा ल्याउँदै गरेको अवस्थामा प्रहरीलाई हेरेर मानिस फरार भएको र सशस्त्र प्रहरीले चल्ला बरामद गरेको बताइएको छ।

## युथ अफ निजगढको अध्यक्षमा कमल सुँवार सर्वसम्मत

प्रस, निजगढ, २८ पुस/

युथ अफ निजगढको अध्यक्ष पदमा कमल सुँवार सर्वसम्मत चयन भएका छन्। शनिवार भएको संस्थाको १०औं वार्षिक साधारणसभाले उपाध्यक्ष कमल पराजुली, महासचिव सन्तोष पौडेल, सचिव मनिता पाण्डे, कोषाध्यक्ष अशोक श्रेष्ठ, सहसचिव रवि सापकोटा, सदस्यहरू प्रह्लाद तिमल्सिना, नवराज घिमिरे, मुक्तिप्रसाद सुँवार सर्वसम्मत चयन भएका हुन्। कार्यक्रममा संस्थाका अध्यक्ष उषा लामाले वार्षिक प्रगति विवरण, कोषाध्यक्ष अशोक श्रेष्ठले




तस्वीरः प्रतीक

आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। विगत १० वर्षदेखि फागू पूर्णिमाको अवसरमा प्रि–होली कन्सर्ट आयोजना गरी राष्ट्रिय कलाकारहरूको प्रस्तुति र स्थानीय कलाकारहरूको प्रतिभा प्रस्तुति गर्न हौसला बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै असहाय, अपाङ्ग, गरीब, विपन्न, आगलागीपीडित, मृगौला, मुटु, क्यान्सर बिरामीहरूलाई आर्थिक सहयोग उपलब्ध गर्दै सामाजिक क्षेत्रमा विभिन्न कार्यमा सक्रिय रहँदै आइरहेको छ।

कार्यक्रममा वरिष्ठ सल्लाहकार भाइकाजी श्रेष्ठ, जीतलाल श्रेष्ठ, संरक्षक जनक श्रेष्ठ, प्रकाश श्रेष्ठ लगायतका सहभागिता थियो। संस्थाका अध्यक्ष उषा लामाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण भाइकाजी श्रेष्ठले गरेका थिए।

## सिद्धार्थ माविमा वृक्षारोपण



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २८ पुस/

नेशनल हेल्थ क्रोप्स नेशनल मेडिकल कलेजमा अध्ययनरत विद्यार्थीहरुले सिद्धार्थ माविमा रहेको आशा किरण केन्द्रमा शनिवार वृक्षारोपण गरेका छन्।

क्रोप्सका अमितचन्द ठकुरीले ५० वटा बिरुवा रोपिएको बताए। उनले ग्रीनसिटी सामुदायिक केन्द्रले बिरुवा उपलब्ध गराएको छ र आज आशा किरण केन्द्र सिद्धार्थ माविमा सो बिरुवा रोपिएको जानकारी गराएका छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – ज्ञानोदय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### राजमार्गमा ........

न्यूनिकरणका साथै दुर्घटनाबाट दिवगंत भएका आत्माको शान्ति हुने पण्डित गोविन्द आर्चायले बताए।

देउरालीचोकमा तीन साताअगि दुईवटा मोटरसाइकल ठोक्किदा तामाङ समुदायका दुईजनाको घटनास्थलमै मृत्यु र दुईजना गम्भीर घाइते भएका थिए। मृतकहरूको सम्झना र घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको लागि उनका परिवारजनले बौद्ध धर्म अनुसार एक साताअघि पूजापाठ गराएका थिए।

राजमार्गको निजगढ सडकखण्डमा डरलाग्दो रूपमा ज्यानै जानेगरी सवारी दुर्घटनामा बढेपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढले विभिन्न स्थानमा ट्राफिक नियम, सचेतनासम्बन्धी बोर्डहरू राखेर दुर्घटना न्यूनिकरणको प्रयास गरिरहेको ट्राफिक प्रहरी निरीक्षक राम कुमार महतोले बताए।

### वनजङ्गल.....

हुँदा अख्तियारमा परेको मुद्दामा सफाइ पाएको बताइन्। उनले अनावश्यक मुद्दाको भारले हतोत्साहित गर्ने काम मात्र भएको भन्दै असल कामविरुद्ध नलाग्न सुझाइन्।

निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले वनजङ्गल भावी पुस्ताका लागि पनि संरक्षण गर्नुपर्ने आवश्यक रहेको बताए। सामदायिक वन समूह नेतृत्व विकास गर्ने थलोको रूपमा पनि रहेको बताउँदै उनले पारदर्शिता आवश्यक हुने बताए।

बारा जिल्ला फेकोफनका अध्यक्ष रामजी बजगाईले वन ऐन, कानूनलाई बेलैमा राज्यले सुधार गर्न नसक्दा सामुदायिक वन समुहहरूले चाहेजति उपलब्धि हासिल गर्न नसकेको बताए।

कार्यक्रममा उपप्रमुख सोममाया थिङ, वन अधिकृत जवाहरलालप्रसाद कुर्मी, वीरेन्द्र यादव, सुरेश भगतलगायत राजनीतिक दल, सङ्घसंस्थाका प्रतिनिधिहरूले मन्तव्य व्यक्त गरेका थिए।

वन समूहका अध्यक्ष रामप्रसाद उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष शालिकराम ढुङ्गानाले आर्थिक प्रतिवेदन र सचिव हरि न्यौपानेले वार्षिक प्रगति विवरण र उपाध्यक्ष डाप्रसाद चौलागाईले स्वागत राखेका थिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नेरेसो उपशाखा ठोरीको वार्षिक साधारणसभा सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, २८ पुस/

नेपाल रेडक्रस सोसाइटी उपशाखा ठोरीको १५औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। ठोरी गापा-२ स्थित सरस्वती मावि गौतमनगरमा उपशाखा ठोरीका सभापति प्रकाश खनालको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको हो।

साधारणसभामा वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो। आव २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन उपशाखा ठोरीका सचिव प्रदीपकुमार शर्माले प्रस्तुत गरेका थिए भने आव २०७९/८० को आर्थिक प्रतिवेदन उपशाखा ठोरीका कोषाध्यक्ष प्रद्युम्नकुमार गौतमले प्रस्तुत गरेका थिए।

साधारणसभामा आव २०८०/८१ को अनुमानित प्रस्तावित कार्यक्रम सचिव


तस्वीरः प्रतीक

शर्माले प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष गौतमले आव २०८०/८१ को अनुमानित बजेट प्रस्तुत गरेका थिए।

२०६६ सालमा स्थापित यस उपशाखा ठोरीमा १०१ जना आजीवन सदस्यहरू छन्।

नेरेसो उपशाखा ठोरीले विभिन्न मानवीय सेवामूलक काम, जनचेतनामूलक कार्यक्रम, विद्यालयस्तरीय कार्यक्रम तथा सरसफाइ जस्ता सामाजिक कार्यक्रम गर्दै आइरहेको संस्थाका सभापति प्रकाश खनालले जानकारी दिए।

साधारणसभामा समावि ठोरीका पूर्वप्रधानाध्यापक तथा आजीवन सदस्य केशवप्रसाद रेग्मी, पूर्ववडाध्यक्षसमेत रहेका आजीवन सदस्य रामप्रकाश कुँवर तथा संस्थाका पूर्व सभापति अनन्तकुमार श्रेष्ठले शुभकामना मन्तव्य दिए।

संस्थाका आजीवन सदस्यहरूको उपस्थितिमा भएको साधारणसभामा स्वागत मन्तव्य कार्य समितिका सदस्य रामबहादुर विष्टले गरेका थिए भने कार्यक्रमको सहजीकरण सचिव शर्माले गरेका थिए।

# सालको तीनवटा गोलिया बरामद

प्रमोद यादव, पंचगावाँ, २८ पुस/

सबडिभिजन वन कार्यालय रङपुरटाँडीका वनगस्ती टोलीले शनिवार सूचनाको आधारमा पटेर्वासुगौली गाउँपालिका-३ महेन्द्रपुरबाट तीनवटा सालको गोलिया बरामद गरेको छ।

बरामद सालको काठ अन्दाजी ३५ क्युफिट रहेको रेन्जर कपिलदेव यादवले बताए।

सूचनाको आधारमा बिहान वनगस्तीको टोलीले सालको गोलिया



बरामद गरेको थियो।

गस्ती टोलीलाई हेरेर काठतस्कर फरार भएको र उनीहरुको खोजी भइरहेको रेन्जर यादवले बताए।

# अन्नपूर्णा दुग्ध सहकारीको अध्यक्षमा भण्डारी

बलिराम शुक्ला, बिरुवागुठी, २८ पुस/

पर्सागढी नगरपालिका-३ स्थित अन्नपूर्णा दुग्ध उत्पादक सहकारी संस्थालिको अध्यक्ष पदको लागि शुक्रवार भएको निर्वाचनमा मीनबहादुर भण्डारी विजयी भएका छन्। भण्डारीले २०० मत ल्याई विजयी भएका हुन्। उनका निकटम प्रतिद्वन्द्वी तोयनाथ पौडेलले १२० मत ल्याएका थिए।

४५८ सेयर सदस्य मत रहेकोमा ३२१ मत खसेको र एक मत बदर भएको निर्वाचन अधिकृत रोशन तिवारीले जानकारी दिए। बुधवार भएको दुग्ध उत्पादक सहकारीको १७औं साधारणसभाको बन्द सत्रबाट अध्यक्ष पदमा सर्वसम्मत हुन नसकेपछि आज मतदान प्रक्रियाबाट अध्यक्ष पद चयन


मतदाताहरू मत गर्दै र इन्सेटमा अध्यक्ष। तस्वीरः प्रतीक

गरिएको हो। भण्डारीको गाई चुनाव चिह्न थियो भने पौडेलको भैंसी चिह्न थियो। निर्वाचन अधिकृत तिवारीले आजै सर्वसम्मतिबाट तीन सदस्यीय लेखा समितिसमेत चयन गरेको छ। जसमा रामु अगस्ती, टङ्कबहादुर क्षत्री, समीक्षा मिश्रा छन्। साधारणसभाको बन्द सत्रबाट सर्वसम्मतिमा सदस्यहरू नवराज गौतम, भूमा अधिकारी, ध्रुव खड्का, हरिनाथ खड्का, सुनील सुनार, समी तामाङ, चन्द्र पौडेल, सर्जुक माझी चयन भएका थिए।






# ठोरीमा सशक्तीकरण कार्यक्रम

धर्मेन्द्र चौरसिया, पोखरिया, २७ पुस/

ठोरी गाउँपालिका-५ को आयोजनामा लागू औषध नियन्त्रण तथा सामाजिक विकास अधिकृत धर्मराज थापाले महिला सशक्तीकरणसम्बन्धी प्रशिक्षण दिएका थिए।


तस्वीरः प्रतीक

महिला सशक्तीकरण कार्यक्रम शुक्रवार सम्पन्न भएको छ।

कार्यक्रममा सशस्त्र प्रहरीका डिएसपी रामबहादुर पाली बोगटीले युवा लागू औषध नियन्त्रणसम्बन्धी र ठोरी गापाका वडाध्यक्ष अष्टबहादुर लोप्चनको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्यहरू मैते बम्जन, दलबहादुर थापा, निशा खड्का, लालमुनी देवीलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## एनआई कपः सेन्ट जेभियर्स र वीरगंज पब्लिक विजयी

प्रस, वीरगंज, २८ पुस/

नेशनल इन्फोटेक (एनआई) कप अन्तर्गत शनिवार भएको दोस्रो खेलमा सेन्ट जेभियर्स स्कूल वीरगंज विजयी भएको छ। टस जितेर सेन्ट जेभियर्स स्कूलले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा तीन विकेट गुमाएर १११ रन बनाएको


तस्वीरः प्रतीक


थियो। सेन्ट जेभियर्सका असरफ अन्सारीले २६ रन बनाए भने एमडी साजिद अन्सारीले २२ रन बनाएका थिए।

वीरगंज सेन्ट्रल स्कूलका प्रेमप्रकाश माझीले दुई विकेट लिए भने मोहम्मद अलीले ए विकेट लिए।

११२ रनको जवाफी लक्ष्य पछ्याएको वीरगंज सेन्ट्रल पूरै ओभर खेलेर नौ विकेट गुमाउँदै ९२ रनमै समेटियो। कमलेश पटेलले १९ रन बनाए भने प्रेमप्रकाश माझीले १८ रन बनाएका थिए।

सेन्ट जेभियर्सका विकाशप्रसाद पटेल र सन्देशकुमार पटेलले तीन-तीन विकेट लिए भने राजु महतोले दुई विकेट लिएको नेशनल इन्फोटेक कलेजका प्रबन्ध निर्देशक मनीष सिंहले बताए। पर्सा क्रिकेट सङ्घका अध्यक्षसमेत रहेका उनले आजको प्रतियोगितामा सेन्ट जेभियर्सका सन्देशकुमार पटेल प्लेयर अफ दि म्याच घोषित भएको बताए।

यसैगरी, नारायणी क्रिकेट रङ्गशालामा जारी नेशनल इन्फोटेक (एनआई) कपमा वीरगंज पब्लिक कलेज सात विकेटले विजयी भएको छ। शनिवार भएको दोस्रो खेलमा वीरगंज कलेजलाई ७ विकेटले पराजित गर्दै वीरगंज पब्लिक कलेज विजयी भएको हो। वीरगंज कलेजले टस जितेर ब्याटिङ रोजेपछि वीरगंज पब्लिक कलेजले फिल्डिङ गरेको थियो।

पहिलो इनिङमा वीरगंज कलेजले १८.१ ओभरमा ८७ रन बनाएर अलआउट भयो। वीरगंज कलेजका लागि आकाशकुमार साहले उत्कृष्ट प्रदर्शन गरे। उनले ४४ बलमा दुईवटा चौकाको मद्दतमा २५ रन जोडे। त्यस्तै आदित्य पासवानले ११ र खगेन्द्र दासले नौ रन बनाए।

वीरगंज पब्लिक कलेजका आशीष सिंहले तीन विकेट लिए भने अफ्सर हुसैन र साहिल आलमले दुई-दुई विकेट लिए।

वीरगंज पब्लिक कलेजले १०.४ ओभरमा तीन विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै जीत हासिल गरेको हो। वाल्मिकीराउत कुर्मीले एक छक्का र पाँच चौकाको मद्दतमा १७ बलमा ३४ रन बनाए भने सक्षम खड्काले दुई चौकाको मद्दतमा ११ रन बनाए। वीरगंज कलेजका खगेन्द्र दासले दुई र मुकेशकुमार साहले एक विकेट लिए। प्रतियोगितामा बिपिसीका वाल्मिकीराउत कुर्मी प्लेयर अफ दि म्याच घोषित भए।

# डा चौरसिया हेल्थ अवार्डबाट पुरस्कृत

प्रस, वीरगंज, २८ पुस/

सीता अस्पताल वीरगंजकी सञ्चालिका स्त्री तथा प्रसुतिरोग विशेषज्ञ डा नीलम चौरसिया राष्ट्रिय हेल्थ पुरस्कारबाट पुरस्कृत भएकी छन्।

स्वास्थ्य दर्पणले बागमती प्रदेशको चितवनको भरतपुरमा शनिवार आयोजना गरेको राष्ट्रिय हेल्थ अवार्ड कार्यक्रममा डा चौरसियालाई कार्यक्रमका प्रमुख अतिथि नेपाली काङ्ग्रेसका पूर्वमहामन्त्री सांसद शशाङ्क कोइरालाले सो पुरस्कारबाट पुरस्कृत गरेका थिए।


तस्वीरः प्रतीक

डा चौरसियालाई स्वास्थ्य र चिकित्सा क्षेत्रमा योगदान पुऱ्याएको कदर स्वरुप स्वास्थ्य दर्पणले राष्ट्रिय हेल्थ पुरस्कारबाट पुरस्कृत गरिएको सीता अस्पतालका सञ्चालक डा दिलीप चौरसियाले बताए।

# रमानाको विषयलाई लिएर विवाद

प्रस, पर्सागढी, २८ पुस/

सबडिभिजन वन कार्यालय, वसन्तपुरमा रमाना विषयलाई लिएर विवाद भएको छ।

सबडिभिजन वन कार्यालय वसन्तपुरका सुबेदार प्रदीप तिमल्सिनाको सरुवा महोत्तरी डिभिजन वन कार्यालयमा पुस २३ गते भएको पत्र डिभिजन वन कार्यालय, पर्साले ह्वाट्सएपमार्फत जानकारी गराएको थियो।

आधिकारिकरूपमा पत्र तिमल्सिनाले नपाएको अवस्थामा सबडिभिजन वन कार्यालय वसन्तपुरका हेरालु सुरजप्रसाद यादवले उनको हाजिरी रजिस्टरमा टिक लगाएपछि विवाद भएको हो।

हेरालुलाई हाजिरी रजिस्टरमा टिक लगाउने अधिकार नभएको र सबडिभिजन वन कार्यालय वसन्तपुरका सहायक वन अधिकृत सुमन पाण्डेले सो सम्बन्धमा कुनै कदम नचाल्दा हेरालुले हाजिरी काटेको विषयलाई लिएर विवाद भएको हो। सुबेदार तिमल्सिनाले हेरालुले काटेको रजिस्टरमा पुस २६ गतेसम्म हाजिरी गरेका छन्।

सुबेदार तिमल्सिनाले बुझबुझारथ नभएको र हेरालुलाई हाजिरी काट्ने अधिकार नभएको हुँदा आफूले आधिकारिक पत्र पाएपछि बुझबुझारथ गरी तोकिएको ठाउँमा जाने बताए।


## प्रदूषण रोकौं, स्वस्थ बनौं

**वातावरण प्रदूषणका कारणहरू :**

- अव्यवस्थित औद्योगीकीकरण,
- प्राकृतिक स्रोतसाधनको जथाभावी उत्खनन,
- जथाभावी फोहोर विसर्जन,
- प्रदूषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वनजङ्गलको विनाश,
- प्लास्टिकको प्रयोग,
- प्लास्टिकलगायत अन्य वस्तु जलाउनु,

**यस्ता कार्य नगरौं/नगराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड